# शुद्धोदन गाउँपालिका
# आ.ब. २०८२/०८३ को
# दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रममा
# प्रस्तुत संक्षिप्त प्रतिवेदन

मिति २०८२।१२।३०

शुद्धोदन गाउँपालिका
आ.ब. २०८२/०८३

स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा ७८ (५) बमोजिम शुद्धोदन गाउँपालिकाद्धारा प्रदान गरिने सेवा सुविधा सम्बन्धमा सेवा प्रदायक र सेवाग्राही सर्वसाधारण विचमा दोहोरो संम्वाद र प्रश्नोत्तर गरी एक आपसमा प्रष्ट हुने र स्थानीय सरकारको कार्यसम्पादनलाई आगामी दिनहरुमा अझ पारदर्शी, उत्तरदायी र जवाफदेहि बनाउन जनताको कामलाई सरल र सहज ढङ्गबाट सम्पादन गर्ने यो सार्वजनिक सुनुवाईको मुल उद्धेश्य रहेको छ। हाम्रो गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को आधारमा कार्यसम्पादन गर्दै आएको छ। सिमित साधनबाट, जनताको असिमित आवश्यकता पुरा गर्न प्राय असम्भव छ तथापी जनताको आर्थिक, सामाजिक, सास्कृतिक, साथै महशुस हुने गरि भौतिक पूर्वाधारको विकास गरी जनताको दीगो विकासको चाहनालाई पुरा गर्न हाम्रो ध्यान केन्द्रित छ। प्राप्त स्रोत र साधनको समुचित व्यवस्थापन र विकासको हरेक चरणमा सर्वसाधारण जनताको चासो बढि रहेको छ। गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवा प्रति जति बढि जनताको चासो र निगरानी हुन्छ उति बढि पारदर्शिता, जवाफदेहिता र साथै सुशासन प्रबर्धनमा टेवा पुग्दछ। शुद्धोदन गाउँपालिका बासी आम नागरिक प्रति हाम्रो उत्तिकै सम्मान र दायित्व छ। नागरिकको अधिकार स्थापित गरी विकासको फल न्यायोचित ढङ्गले वितरण गर्ने तर्फ पनि हामी उत्तिकै सचेत छौं। यस आर्थिक वर्ष २०८२/०८३ का लागि हिउँदे गाउँसभाबाट समेत पारित भएका बार्षिक कार्यक्रम तथा बजेटलाई कार्यान्वयन गर्ने क्रममा शुद्धोदनका हामी निर्वाचित प्रतिनिधिहरु र कर्मचारीहरु लगनशिलताका साथ खटिएका छौं।

सार्वजनिक सेवा प्रवाहलाई सेवाग्राही जनतावाट प्राप्त सुझाव साथै पृष्ठपोषणवाट गुनासो व्यवस्थापन गर्दै भावी दिनहरुमा कार्यसम्पादनलाई चुस्त दुरुस्त सुदृढ बनाउने सार्वजनिक प्रतिबद्धता घोषणा गर्ने यो हाम्रो प्रयास पनि हो। यो सार्वजनिक सुनुवाईबाट गाउँपालिका भित्रका समस्याहरु पहिचान भई समस्या समाधान गर्ने विकल्पहरु पहिल्याई सम्बोधन गर्ने जमर्को गरिने छ। गाउँपालिकाको सेवा प्रदायक शाखा र सेवाग्राही जनता विच सुमधुर सम्बन्ध स्थापित हुनेछ।

शुद्धोदनका हामी सवै जनप्रतिनिधिहरु तथा कर्मचारीहरु ईमान्दारीपूर्वक लगनशिल भई जनताको सेवामा खटिरहेका छौ । शुद्धोदनको विकास र समृद्धीको लागि सवै मिलेर विकास गरौ भन्ने जनमतलाई कदर गर्दै सहमतिका साथ सहकार्य गर्दै अगाडि बढ्दै छौ काम गर्दा गल्ती, कमि कमजोरी हुन सक्छ, सिकाइले निखारपन ल्याउँछ पक्के हो। यो अवधिमा जनप्रतिनिधिहरु र कर्मचारीहरु वीच निकै सुमधुर, सम्वन्ध राख्दै योजना तथा कार्यक्रम कार्यान्वयन गर्न, सुशासनका आयाम थप्न सहज र सरल वनाउदै लगिने छ ।

सुशासन ऐन २०६४ को दफा ३० र शुद्धोदन गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि २०८२ को आधारमा यो कार्यक्रम तय गरिएको छ। यो कार्यक्रमलाई गाउँ कार्यपालिकाको मात्र नभई सबैको साझा सरोकारको कार्यक्रम भएकोले यसलाई सभ्य, अनुशासित, सालिन, उपलब्धिमुलक एवम अर्थपुर्ण बनाउन आचारसंहिता पालना गर्दै सहभागी ज्यूहरुबाट रचनात्मक सुझाबको अपेक्षा गरिएको छ ।

**शुद्धोदन गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को दोस्रो चौमासिक सम्मको आम्दानी खर्चको विवरण यस प्रकार छ ।**

१. शुद्धोदन गाउँपालिकाले यस आर्थिक वर्षमा संघीय सरकार तर्फ समानिकरण अनुदान रु. ११ करोड ६८ लाख प्राप्त गर्ने अनुमान गरेकोमा हालसम्म जम्मा रु. ५ करोड ८४ लाखमा मात्र आम्दानी गर्न सफल भएको छ । यसैगरी गाउँपालिकाले यस आर्थिक वर्षमा संघीय शसर्त अनुदान चालु तर्फ रु. १८ करोड ६८ लाख आम्दानी गर्ने अनुमान गरेकोमा हालसम्म जम्मा रु. १२ करोड १९ लाख ७४ हजारमा मात्र आम्दानी भएको छ । संघीय शसर्त अनुदान पुँजिगत तर्फ रु. ६ करोड २८ लाख आम्दानी गर्ने लक्ष्य लिएकोमा हालसम्म जम्मा रु. ४ करोड ११ लाख ७६ हजार आम्दानी भएको छ । विशेष अनुदान चालु तर्फ रु. १ करोड आम्दानी गर्ने लक्ष्य लिएकोमा रु. ५ लाख ४१ हजार मात्र आम्दानी भएको छ । यसैगरी समपुरक अनुदान पुँजिगत तर्फ रु. ४० लाख आम्दानी गर्ने लक्ष्य लिइएकोमा जम्मा रु. ६ लाख ५० हजार मात्र आम्दानी भएको छ । यसरी गाउँपालिकाले माथिका विभिन्न अनुदान शिर्षकमा गरी जम्मा रु. ३८ करोड ९८ लाख चालु आर्थिक वर्षमा आम्दानी गर्ने भनिएकोमा आर्थिक वर्षको दोस्रो चौमासिक सम्म जम्मा रु. २२ करोड २७ लाख ४१ हजारमा मात्र आम्दानी गरी संघीय सरकारबाट प्राप्त गर्ने अनुदान तर्फ दोस्रो चौमासिकको अन्त्यसम्म जम्मा ५७.१४ प्रतिशत मात्र आम्दानी भएको अवस्था छ ।

२. शुद्धोदन गाउँपालिकाले यस आर्थिक वर्षमा प्रदेश सरकार तर्फ समानिकरण अनुदान रु. ८० लाख ९० हजार प्राप्त गर्ने अनुमान गरेकोमा हालसम्म जम्मा रु. ४० लाख ४५ हजार मात्र आम्दानी गर्न सफल भएको छ । यसैगरी गाउँपालिकाले यस आर्थिक वर्षमा शसर्त अनुदान पुँजिगत तर्फ ८० लाख आम्दानी गर्ने लक्ष्य लिएकोमा हालसम्म जम्मा २६ लाख ४० हजार आम्दानी भएको छ । यस्तै समपुरक अनुदान पुँजिगत तर्फ रु. ७५ लाख आम्दानी गर्ने भनिएकोमा जम्मा रु. २४ लाख ७५ हजार मात्र आम्दानी भएको छ । यसरी गाउँपालिकाले माथिका विभिन्न अनुदान शिर्षकमा गरी जम्मा रु. २ करोड ३५ लाख ९० हजार चालु आर्थिक वर्षमा आम्दानी गर्ने भनिएकोमा आर्थिक वर्षको दोस्रो चौमासिकसम्म जम्मा रु. ९१ लाख ६० हजार मात्र आम्दानी गरी प्रदेश सरकारबाट प्राप्त गर्ने अनुदान तर्फ दोस्रो चौमासिकको अन्त्य सम्म जम्मा ३८.८३ प्रतिशत मात्र आम्दानी भएको अवस्था छ ।

३. शुद्धोदन गाउँपालिकाले प्राप्त गर्ने राजस्व बाँडफाँड तर्फ चालु आर्थिक वर्षमा घरजग्गा रजिष्ट्रेशन तर्फ रु. १ करोड आम्दानी गर्ने भनिएकोमा चालु आर्थिक वर्षको दोस्रो चौमासिकको अन्त्य सम्म जम्मा रु. ५८ लाख ७८ हजार, मुल्य अभिवृद्धि तर्फ रु. ७ करोड १३ लाख १३ हजार प्राप्त गर्ने अनुमान गरिएकोमा फागुन मसान्त सम्म जम्मा रु. ३ करोड १६ लाख ६५ हजार, अन्तः शुल्क तर्फ रु. २ करोड ३७ लाख ७१ हजार आम्दानी गर्ने भनिएकोमा ऐ. अवधिमा जम्मा रु. १ करोड ६८ लाख ३२ हजार, सवारी साधन कर तर्फ रु. ८३ लाख ८ हजार लक्ष्य रहेकोमा ३७ लाख ६१ हजार, मनोरञ्जन कर तर्फ रु. १ लाख, विज्ञापन कर तर्फ रु. १ लाख र दहत्तर

बहत्तर बिक्रिबाट रु. २ करोड ४८ लाख गरी राजस्व बाँडफाँड तर्फ जम्मा रु. १३ करोड ८३ लाख ९२ हजार आम्दानी गर्ने लक्ष्य लिइएकोमा चालु आर्थिक वर्षको फागुन मसान्त सम्म जम्मा रु. ८ करोड ८१ लाख ३८ हजार मात्र यथार्थ आम्दानी भएको छ जुन लक्ष्यको तुलनामा जम्मा ४२.०१ प्रतिशत मात्र हुन आउँछ ।

४. गाउँपालिकाले आन्तरिक स्रोत तर्फ विभिन्न शिर्षकमा गरी जम्मा रु. २ करोड ६८ लाख ८४ हजार र गत आर्थिक वर्षको नगद मौज्दात रकम रु. २० करोड ४९ लाख ७४ हजार समेत जम्मा रु. २३ करोड १८ लाख ५८ हजार आम्दानी गर्ने लक्ष्य राखेकोमा हालसम्म नगद मौज्दात रु. २० करोड ६७ लाख ८ हजार र अन्य विभिन्न शिर्षकमा गरी आन्तरिक आम्दानी रु. १ करोड ९७ लाख गरी जम्मा रु. २२ करोड ६४ लाख ८ हजार हालसम्म आम्दानी भएको छ जुन लक्ष्यको तुलनामा जम्मा ९८ प्रतिशत हुने देखिन्छ ।

५. यसरी माथि प्रस्तुत गरिएकोका आम्दानीका स्रोतहरु मध्ये गाउँपालिकाले चालु आर्थिक वर्षमा रु. ७८ करोड ४१ लाख ४० हजार आम्दानी गर्ने लक्ष्य राखेकोमा हालसम्म जम्मा रु. ४९ करोड ६७ लाख ४८ मात्र आम्दानी गरी लक्ष्यको तुलनामा जम्मा ६३.३४ प्रतिशत मात्र आम्दानी गर्न सफल भएको छ ।

६. माथि प्रस्तुत गरिएका आम्दानीका स्रोतबाट गाउँपालिका चालु आर्थिक वर्षमा ४२ करोड ६४ लाख १७ हजार चालु खर्च तर्फ विनियोजन गरेकोमा दोस्रो चौमासिकको अन्त्य सम्म चालु खर्च जम्मा १६ करोड ९८ लाख १४ हजार जम्मा ३९.८२ प्रतिशत गर्न सफल भएको छ भने पूँजिगत खर्च तर्फ रु. ३५ करोड ७७ लाख २३ हजार विनियोजन गरेकोमा हालसम्म जम्मा रु. ५ करोड १३ लाख १० हजार जम्मा १४.३४ प्रतिशत मात्र पूँजिगत खर्च गर्न सफल भएको अवस्था छ ।

७. शुद्धोदन गाउँपालिकाले चालु आर्थिक वर्षमा जम्मा ७८ करोड ४१ लाख ४० हजार रकम विनियोजन गरेकोमा चालु आर्थिक वर्षको दोस्रो चौमासिक सम्म जम्मा रु. २२ करोड ११ लाख २५ हजारमा मात्र खर्च गरी लक्ष्यको तुलनामा समग्रमा जम्मा २८.१९ प्रतिशतमा खर्च गर्न सफल भएको छ ।

**शुद्धोदन गाउँपालिकाका विभिन्न शाखाले यस आर्थिक वर्षको दोस्रो चौमासिक सम्म तपशिल अनुसारका मुख्य मुख्य काम गर्न सफल भएका छन् ।**

**स्थानीय विकास कोष तर्फः**

- स्थानीय विकास कोष बैंक हिसाव विवरण बमोजिम एक आर्थिक वर्ष आ. व. २०८२/२०८३ को हिसाब मिलान कार्य मिति २०८२/०४/३१ गते सम्पन्न।
- सामुदायिक विकास कोष शुद्धोदन-४ को आ. व. २०८२/०८३ को आन्तरिक लेखा परिक्षण कार्य सम्पन गर्ने कार्य गरियो।

- स्थानीय विकास कोष अन्तर्गतका सामुदायिक संस्था/ समुहहरूको नियमित हुने बैठक कार्य निरन्तरता रहेको।
- स्थानीय विकास कोषबाट परिचालन गरिएको नियमित ऋणपुँजि लगानी असुली नियमित कार्य भएको।
- स्थानीय विकास कोष अन्तर्गत सामुदायिक संस्थाको अध्यक्ष, मेनेजर बैठक भेला नियमित कार्य भएको।
- वडा नं. ५ मा गाउँपालिका सामाजिक परिचालन समिति बैठक बाट १० लाख घुम्तिकोष ऋण स्वीकृत भई ऋण परिचालन।
- पालिका स्तरीय सहकारी संस्थाका ७५ जनालाई १ दिने नियमकिय निर्देशन राष्ट्रिय सहकारी नियमन प्राधिकरण संस्था अभिमुखिकरण तालिम कार्य सम्पन्न।
- वडा नम्वर ५ र ६ मा संचालित समुदायिक संस्थाका १२५ जना सदस्यहरूलाई ७ दिने समुह गठन भएका समुह संस्थामा आय आर्जन तथा स्वरोजगार मुलक तथा वित्तिय साक्षरता परिक्षण अभिमुखिरण तालिम कार्य सम्पन्न।
- गाउँपालिका स्थानीय बिकास कोषको लेखा परिक्षण सम्पन्न।
- वडा स्तरीय सामुदायिक विकास कोषको आन्तरीक लेखा परिक्षण सम्पन्न।

**सहकारी तर्फः**

- सहकारी लेखा परिक्षण लिर्देशिका २०७५ को दफा ३ वमोजिम सहकारी संस्थाहरूले तोकिएको समय भित्र लेखा परिक्षक नियूक्ति गरी लेखा परिक्षण सम्पन्न गर्न गराउन (COPOMIS) अनलाईन प्रणालीद्धारा सहकारी संघ/संस्थाहरूलाई निर्देशन।
- सहकारी संघ/संस्थाहरूले जारी गर्नुपर्ने श्वेतपत्र जारी गर्ने सम्बन्धि सुचना (COPOMIS) अनलाईन प्रणालीद्धारा सहकारी संघ/संस्थाहरूलाई निर्देशन।
- पालिका स्तरीय रहेका २६ वटा सहकारी संस्थाहरूलाई सहकारी ऐन २०७४अनुसार पौष मशान्त भित्र बार्षिक साधारण सभा सम्पन्न गर्न सहकारी संघ/संस्थाहरूलाई निर्देशन।

**बजार अनुगमन तर्फः**

- पालिका स्तरीय २६ वटा सहकारी संस्था मध्ये ४ वटा सहकारी अनुगमन गर्ने कार्य सम्पन्न भएको।
- दरवाह कोटहीमाई पर्यटकीय मेला बजार स्टल निर्माण गरी ब्यवसाय गरेका मिठाई पसल जिल्ला खाद्य तथा गुण नियन्तरण कार्यालयका प्राविधिक सहित बजार अनुगमन गर्ने कार्य सम्पन्न भएको।
- बजार अनुगमन गर्ने क्रममा १० के. जि. बराबरको आखाद्य बस्तु मिठाई नष्ट गर्ने कार्य सम्पन्न ।

**आन्तरिक लेखा परिक्षण तर्फः**

- आ व २०८१/०८२ को यस गाउँपालिकाको आय र व्ययको आन्तरिक लेखा परिक्षण सम्पन्न गरि वार्षिक प्रतिवेदन तयार पारि प्रमुख प्रशासकीय अधिकृत, सम्पूर्ण शाखा तथा वडा कार्यालयहरु र गाउँपालिका अध्यक्ष र म.ले.प. डोर समक्ष पेश गरिएको ।

- आ व २०८२/०८३ को भाद्र महिनामा आ.व. २०८२/८३ मा  आलेप शाखाबाट गरिने कार्यहरुको कार्य योजना तयार पारी कार्यालय प्रमुखबाट स्वीकृत गराई अभिलेखिकरण गरिएको ।
- शुद्धोदन गाउँपालिकाको आ.व. २०८१/०८२ को अन्तिम लेखा परिक्षण कार्यमा आवश्यक सहजिकरण गरिएको ।
- गाउँपालिकाको सार्वजनिक लेखा समितीबाट महालेखा परीक्षकको कार्यालयले विगत आ.व. मा अनियमित भनी औंल्याएको बेरुजुलाई गाउँसभा बाट नियमसंगत बनाउनको लागि आवश्यक कागजात तयार पारिएको ।
- गाउँपालिकाका विभिन्न शाखाहरुसँग आवश्यकता अनुसार समन्वय गरिएको ।
- गाउँपालिकाको हालसम्मको अध्यावधिक बेरुजु

| **बेरुजुको प्रकार** | **रकम** |
|---|---|
| अनियमित बेरुजु | **९,५८,३३,६२५** |
| पेश्की बेरुजु | २,००,५२,४३० |
| प्रमाण कागजात पेश गर्नुपर्ने बेरुजु | २,६५,७५,५८२ |
| असुल गर्नुपर्ने बेरुजु | ४,३५,३०,६९५ |
| जम्मा बेरुजु | १८,५९,९२,३३२ |
| सम्परीक्षणबाट हटाइएको बेरुजु | ६,०७,१०,४४२ |
| अब बाकी बेरुजु | १२,५२,८१,८९० |

**स्वास्थ्य शाखा तर्फः**

- किशोरी आइरन चक्की नियमानुसार खरिदगरी उपलब्ध गराइएको ।
- नियमानुसार औषधी खरिद गरी स्वास्थ्य संस्थाहरूमा वितरण गरिएको
- ६ महिनादेखि ५ वर्षसम्मका बालवालिकाहरूलाइ जुकाको औषधी २६७३ जना र भिटामिन ए २९७३ जनालाइ खुवाइएको
- खोपको माइक्रो प्लानिङ्ग कार्यक्रम अन्तर्गत स्वास्थ्य कार्यालय रूपन्देहीको सहयोगमा स्वास्थ्य स्थाहरूलाइ सहभागि गराइ कार्यक्रम संचालन गरिएको ।
- फाइजर खोप लगाउने कार्यक्रम ५२९ जना स्वास्थ्य संस्थाहरूमार्फत स्वास्थ्यकर्मीहरूद्वारा लगाइएको ।

- क्षयरोग कार्यक्रमको चौमासिक समिक्षा कार्यक्रम सम्पन्न १६ जना क्षय रोगीहरुको पहिचान भएको । चौमासिकको समिक्षा गरी आगामी आ.व.को कार्ययोजना तयार पारिएको
- किशोरिहरूको रक्तअल्पता परिक्षण कार्यक्रम ३२५ जना शंकर मा.वि, ड्रिम भिजन तथा लिटिल फ्लावर स्कुलमा सम्पन्न भएको ।
- स्वयं सेविकाहरूले गरेको कामको वारेमा समिक्षा गरी आगामी वर्षको लागि सुधारको अपेक्षा गरिएको ।
- L-PEP कुष्ठरोग नियन्त्रणको लागि औषधी खुवाउने कार्यक्रम इन्द्रेणी ग्रमिण विकास केन्द्र तथा गाउपालिकाको सहयोगमा संचालित
- ग्रामिण अल्ट्रसाउण्ड कार्यक्रम संचालन १३१ जनालाइ स्वास्थ्य संस्थाहरूमा महिनाको १ पटक तालिम प्राप्त स्वास्थ्यकर्मीद्धारा सेवा दिइएको ।
- विश्व एडस् दिवस संचालन २३६ जना कार्यक्रममा सहभागी स्वास्थ्य संस्थाहरू मार्फत कार्यक्रम संचालन गरि जनचेतना जगाउने काम गरिएको ।
- स्थानीय स्तर मार्फत विनियोजन भएका स्वास्थ्य कार्यक्रमहरुको मार्गदर्शन बनाइ कार्यक्रम गर्न सुरू गरिएको ।
- कार्यक्रमको कार्यतालीका बनाइ क्रियाकलापहरू गर्न सुरू गरिएको ।
- स्वास्थ्य कार्यालय, सुनगाभा सामुदायीक विकास केन्द्र तथा इन्देणी ग्रामिण विकास केन्द्रमाफत स्वास्थ्यमा साझेदारिमा कृयाकलापहरू गरिएको ।
- सेतो गुराँस वाल विकास संस्थाको सहयोगमा वालवालिकाको कुपोषण अवस्था पत्ता लगाइ समस्यामुलक बालवालिकाहरूलाइ पोषणीलो लिटो तथा जाउलो मार्फत उपचार गरिएको ।

**आयुर्वेद शाखाः**

- बैकल्पिक चिकित्सा पद्दती मार्फत बहिरङ सेवा ११७७ जना, स्तनपायी २२ जना, जेष्ठ नागरिक सेवा १३२ जना, पूर्वकर्म/पञ्चकर्म सेवा २९८ जना, गाउँघर क्लिनिक सेवा ४७० जना, आयुर्वेद स्वास्थ्य सेवा अभिमुखिकरण कार्यक्रम ५० जना र राष्ट्रिय आरोग्य दिवस ५५ जना गरी जम्मा २२०४ जनालाई आयुर्वेद सेवा प्रदान गरिएको छ ।

**शिक्षा युवा तथा खेलकुद शाखाः**

- विषयविज्ञ सहित विद्यालय अनुगमन तथा कक्षा अवलोकन गरी विषयगत शिक्षकलाई सिकाइ सहजिकरणमा आवश्यक पृष्ठपोषण प्रदान गरिएको ।
- विद्यालयको समग्र अवस्था अवलोकन गरी सुधारका लागि पृष्ठपोषण प्रदान गरिएको ।
- पाँचौ राष्ट्रपति रनिङ्ग शिल्ड तथा अध्यक्ष कप खेल महोत्सव भव्य रुपमा सम्पन्न गरिएको ।
- अन्तर विद्यालय स्तरीय खुला भजन प्रतियोगिता तथा तहगत रुपमा चित्रकला, निबन्ध लेखन, वक्तृत्वकला प्रतियोगिता सम्पन्न गरीएको।

- शैक्षिक सत्र २०८१ को गाउँपालिका स्तरीय वार्षिक तथा आधारभूत तह उत्तीर्ण, SEE (२०८१), SLC (२०८२) साथै क्याम्पस तहका वार्षिक परीक्षामा उत्कृष्ट नतिजा प्राप्त विद्यार्थीलाई सम्मान, विषयगत रुपमा उत्कृष्ट नतिजा दिन सफल शिक्षकलाई सम्मान, उत्कृष्ट प्रधानाध्यापक सम्मान, दिर्घ सेवामा रहनुभएका शिक्षकहरु सम्मान, उत्कृष्ट बालविकास सहजकर्ता तथा उत्कृष्ट कर्मचारी सम्मान कार्यक्रम सम्पन्न भएको।
- आमन्त्रित अन्तरपालिका स्तरीय भलिवल प्रतियोगिता सम्पन्न गरिएको ।
- शैक्षिक सत्र २०८२ को गाउँपालिका स्तरीय वार्षिक परीक्षा (कक्षा ५) र आधारभूत तह उत्तीर्ण परीक्षा (कक्षा ८) सम्पन्न भइ नतिजा प्रकाशनको तयारी गरिएको ।
- विद्यालयका खेलकुद शिक्षकहरुका लागि ७ दिने पिटी तथा खेलकुद तालिम सम्पन्न गरिएको ।

**<u>कृषि शाखा तर्फ</u>**

- DESIS सफ्टवेयर मार्फत ससर्त वजेट ३०,००० के जी गंहुको विउ वितरण गरेको |
- टेन्डर मार्फत ४६६६६ के जी गंहूको बिउ वडा कार्यालय मार्फत वितरण गरिएको
- जम्मा ७६,६६६ केजी विभिन्न जातको गंहुको विउ वितरण गरिएको |
- २५०० प्याकेट किटनासक विसादी र १५०० प्याकेट ढुसीनासक विसादी वितरण गरेको
- कृषकको बालीमा लाग्ने विभिन्न रोग किरा हरु नियन्त्रण भएको
- सबै वार्डमा संचालन भएको घुम्ती सिबिरमा ९०० प्याकेट ढुसिनासक विषादी साथै १७०० प्याकेट प्याजको विउ वितरण भएको
- यस गाउँपालिका वार्ड न ४ फर्साटिकरमा संचालन भएको द्रोसो शुद्धोदन महोत्सबमा संचालन भएको साथै कृषि मेला प्रदशनीमा सहभागी २९ जना कृषकहरु लाइ सम्मान गरिएको
- ६६ कृषकलाइ पालिका बाटै सेवा दिएको
- ४५ जना कृषकको खेत बारीमा गइ सेवा दिए को
- २ वटा तरकारी खेति सम्बन्धि र १ वटा मौरी पालन सम्बन्धि तालिम संचालन भएको
- ४१ वटा मौरी घार र ६० वटा खाली घार वितरण भएको

**पशु विकास तर्फ**

- बर्षे घाँसको विउ निशुल्क वितरण बाट दुध उत्पादनमा बृद्धि भएको ।
- हिउँदे घाँसको विउ वितरण ७५% अनुदानमा कार्यक्रमले दुध उत्पादनमा बृद्धि भएको ।
- गाईभैंसीमा बाँझोपना न्युनिकरण घुम्तीशिविर घरदैलो कार्यक्रमले बाझोपनाको समस्या समाधान भइ कृषको आयमा बृद्धि भएको ।
- परजिवि नियन्त्रण कार्यक्रमबाट परजिवि नियन्त्रण भइ कृषकको आयमा बृद्धि भएको ।
- माछापालनका लागि चुना वितरण ५०% अनुदानमा कार्यक्रम सम्पन्न भएको
- सामुदायीक कुकुर बन्ध्याकरण कार्यक्रम संचालनबाट रेबिज रोग नियन्त्रणमा सहयोग पुगेको
- सामुदायिक कुकुर बन्ध्याकरण २७० (१२४ मेल, १४६ फिमेल)

- वर्षिम घाँसको विउ वितरण ७५ प्रतिशत अनुदानमा १९६५ के.जि. ।
- गाइ भैंसीमा बाँझोपन न्युनिकरण घुम्ति शिविर घरदैलो कार्यक्रम सम्पन्न १०४ वटामा (गाई ७५ भैंसी २९)

**योजना शाखा**

- उपभोक्ता समितिसँग १०९ योजना सम्झौता भै ५४ सम्पन्न भएका छन् ।
- बाँकी आयोजनाहरु सम्झौता हुने क्रममा छ ।
- यस आ.व.का ठेक्काका योजनाहरुको २० वटा सम्झौता भई कार्य संचालन भैरहेका छ ।
- गत आ.व.को आयोजनाहरु ९५ प्रतिशत सम्पन्न भएको ।

**भौतिक पूर्वाधार तर्फः**

- चालु आर्थिक वर्षको दोस्रो चौमासिक सम्म बाटो विस्तार/मर्मत तथा ग्रावेल गर्ने कार्य ५ स्थानमा सम्पन्न भै जम्मा २४८० मिटर सडक स्तरउन्नती भएको छ ।
- सडक पि.सि.सि. ढलान गर्ने कार्य ५ स्थानमा सम्मपन्न भै जम्मा १२८० मिटर सडक पि.सि.सि. ढलान गरी सम्पन्न भएको छ ।
- नाली निर्माण गर्ने कार्य ३ स्थानमा सम्पन्न भै ४५० मिटर नाली निर्माण भएको छ ।
- कल्भर्ट निर्माण २ स्थानमा सम्पन्न भएको छ ।
- सिचाइ कुलो निर्माण २ स्थानमा करिव ४०० मिटर सम्पन्न भएको छ ।
- शौचालय निर्माण १ स्थानमा सम्पन्न भएको छ ।
- सामुदायिक भवन/हल निर्माण मर्मत ३ स्थानमा सम्पन्न भएको छ ।
- विद्यालय भवन निर्माण तथा मर्मत ४ स्थानमा सम्पन्न भएको छ ।
- वाल/पर्खाल तारबार २ स्थानमा करिव ३२० मिटर सम्पन्न भएको छ ।
- मठमन्दिर निर्माण/मर्मत २ स्थानमा सम्पन्न भएको छ ।

**रोजगार सेवाकेन्द्र**

- वैदेशिक रोजगार वोर्डको सचिवालय बाट प्रदान गरिने आर्थिक सहायताको लागि वैदेशिक रोजगार सन्तती छात्रवृति कार्यक्रममा सहभागी हुन ७ जनाको छात्रवृत्तिको लागि FEWIMS मा ईन्ट्री गरिएको ।
- पोखरा भ्याली टेक्निकल ट्रेनिङ्ग इन्टिच्युट प्रा.लि. मा निशुल्क तालिममा सहभागि को लागि मिति २०८२/०६/०७ मा ६ जना र मिति २०८२/१०/११ मा ३ जना गरि जम्मा ९ जना सहभागिलाई निशुल्क तालिमको लागि सिफारिस गरिएको ।
- ६० जना वैदेशिक रोजगारीको लागि जाने व्यक्तीहरुलाई पुनः श्रम स्विकृतीको लागि सहजीकरण गरी रोजगार सेवाकेन्द्र मार्फत स्टिकर प्रिन्ट गरि प्रदान गरि सकिएको तथा अन्यलाई आवश्यक जानकारी प्रदान गरि सहजिकरण गरिएको ।

- राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत संचालन गरिने योजनामा काम गर्ने लाभग्राहीहरुलाई योजना सम्बन्धी अभिमुखिकरण गरि लाभग्राही परिचय पत्र वितरण गरिएको।

**विपद व्यवस्थापन तर्फ**

- आगलागि, अति विपन्न, मृत्यु भएका तथा आर्थिक अवस्था न्यून भएका बिपन्न नागरिकहरुलाई राहत तथा औषधि उपचारका लागि आर्थिक सहायता स्वरूप बिभिन्न समयमा बसेको समितिको बैठक निर्णय अनुसार शुद्धोदन वडा नं. १ देखि ७ सम्मका ५८ जना नागरिकहरूलाई बसि रु. २ लाख ७१ हजार सहायता उपलब्ध गराईएको छ.
- चिसो तथा शितलहर बाट प्रभावित हुन नदिन शुद्धोदन गाउँपालिका भित्र रहेका सम्पुर्ण वडाहरुमा अति बिपन्न, अशक्त तथा जेष्ठ नागरिकहरुलाई ६३० थान न्यानो कपडा कम्बल (बलाङ्केट) वितरण गरिएको छ ।
- आगलागि तथा डढेलो बाट हुने विपद् घटनाहरुलाई न्यूनिकरण गर्नका लागि पालिका भित्रका सम्पुर्ण वडाहरुमा नागरिकहरुलाई सूचना सम्प्रेषण गर्ने कार्य गरिएको ।
- पालिका भित्रका सम्पुर्ण वडाहरुमा शितलहरबाट प्रभावित हुन नदिन तथा नागरिकहरुको स्वास्थ्य रक्षाको लागी डिभिजन बन कार्यालय भैरहवा बाट मुढा दाउरा खरीद गरी पालिका भित्रका सम्पूर्ण वडा तथा टोल विकासका चोक तथा सार्वजनिक स्थलहरूमा बितरण गरिएको।

**सामाजिक सुरक्षा तथा पञ्जिकरण उपशाखा**

- पहिलो दोस्रो र तेस्रो त्रैमासिक सामाजिक सुरक्षा वितरण भत्ता वितरण ।
- राष्ट्रिय परिचयपत्र छापीएर आएका कार्डहरु वडा कार्यालयहरुमा गएर वितरण ।
- विभिन्न घटना दर्ताहरु गरि जम्मा ११५ वटा घटना दर्ता आइडी स्थानान्तरण ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको राष्ट्रिय परिचय पत्र एकिन गरि बायोमेट्रिक डिभाईसद्धारा नविकरण गरियो ।

**महिला बालबालिका तथा समाजकल्याण शाखा**

- यस पालिकाभित्रका सम्पूर्ण अति अशक्त अपाङ्गता भएका (७४ जना) व्यक्तिहरूलाई अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा स्वास्थ्यवर्द्धक खानेकुरा वितरण।
- ११ जना व्यक्तिहरूलाई अपाङ्गता पहिचान तथा परिचयपत्र वितरण (क-१, ख-४, ग-३, घ-३)
- २४४+ ८ पुरुष र २२६+६ महिला गरी जम्मा ४८४ जना ज्येष्ठ नागरिक परिचयपत्र वितरण।
- अपाङ्गता व्यवस्थापन तथा मूलप्रवाहीकरण कार्यक्रम अपाङ्ग बालअस्पताल तथा पुनर्स्थापना केन्द्र बनेपासँगको समन्वयमा ५९ (४५ फिजियो थेरापी, सहायक सामग्री नापजाँच २०, सल्यक्रिया १२ र एक जना विशेष प्रकारका जुत्ता वितरण) जना अपाङ्गता भएका व्यक्तिहरू लाभान्वित।

- एकल महिला सञ्जालको समन्वयमा ५७ जना एकल महिलालाई बाटेको धूप बनाउने तालिम सम्पन्न।
- ३१ जना अपाङ्गता भएका व्यक्तिहरूलाई शुद्धोदन अपाङ्ग संघको समन्वयमा अपाङ्गता सहायक सामग्री वितरण।
- विभिन्न संघ, संस्था तथा सरोकारवालापक्षसँग आगामी कार्यक्रमबारे समन्वय तथा आवश्यक छलफल।
- विभिन्न कार्यालयहरूमा कामकाजसम्बन्धी पत्राचार तथा सिफारिसलगायतका कार्यहरू।

**भवन तथा बस्ति विकाश शाखा**

- विगत ४ वर्ष देखि समस्याको समाधान हुन नसकिएको शुद्धोदन गाउँपालिका वडा नं. ४ स्थित "टाइगर्स ब्रुअरी इन्डस्ट्रिज प्रा. लि." को समस्याको समाधान गरि संरचनाहरु पास गरिएको
- व्यक्तिगत जग्गा रेखांकनः- १२४
- नदिजन्य पदार्थ/माटो उत्खनन् क्षेत्रको एकिनः-२९
- सार्वजनिक बाटो सिमांकनः-१३
- सरकारी तथा सार्वजनिक जग्गा सिमांकनः-२२
- निजि तथा सरकारी विद्यालयको जग्गा नापजाच तथा सिमांकनः- ६
- घर नक्शा दर्ताः-१८
- घर नक्शा दर्ता (नँया)ः-१२
- घर नक्शा प्रथम चरण (प्लिन्थ) सम्पन्नः-११
- घर नक्शा दोश्रो चरण (सुपर-स्ट्रक्चर) सम्म सम्पन्नः-१२
- घर नक्शा निर्माण कार्य सम्पन्नः-२९

**उद्यम विकास तर्फः**

- उद्यम विकास सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन भएको जसमा २३ महिला र ९ पुरुष गरी जम्मा ३२ जना सहमागि भएका ।
- सहमागितात्मक ग्रामिण लेखाजोखा कार्यक्रम सम्पन्न भएको जसमा १०६ महिला र ४ जना पुरुष गरी जम्मा ११० जनाको सहभागिता भएको ।
- घर धुरी सर्वेक्षण फारम ए गर्दा १०६ जना महिला र ४ जना पुरुषको सहभागिता भएको ।
- सम्भाव्य लघु उद्यमीका रुपमा सहभागितहरुको छनौट फारम वी मा १०६ जना महिला र ४ जना पुरुषको सहभागिता भएको ।
- लघु उद्यमी समुह गठन तथा परिचालन कार्यक्रम सञ्चलनमा ९६ महिला र ४ पुरुष गरी जम्मा १०० जना सहभागि भएका ।

- उद्यमशिलता विकास तालिम(टोपे/टोसे) मा १०० महिला र ५ पुरुष गरी जम्मा १०५ जनाको सहभागिता भएको ।
- काँसमूज जन्य आयमूलक एडभान्स तथा थप सीप विकास तालिम सम्पन्न भएको जसमा १४ जना महिलाहरुको सहभागिता भएको ।
- स्टाटप उद्यम कर्जामा सहजिकरण गरिएको जसमा १ महिला र २ जना पुरुषको सहभागिता भएको ।
- २ महिने आधारभुत सिलाईकटाई तालिम कार्यक्रम सञ्चालन गर्दा जम्मा ४५ महिलाको सहभागिता भएको ।
- २ महिने आधारभुत व्युटिसियन तालिम सञ्चालन गर्दा जम्मा १४ जना महिलाको सहभागिता भएको ।
- २७ दिने रैथाने खाद्यबस्तु उत्पादन सम्बन्धि तालिम सञ्चालन गर्दा १४ जना महिलाको सहभागिता भएको ।

**राजस्व शाखा**

- फर्सांटिकर हाट बजार, मानपकडी हाटबजार र शुद्धोदन पार्कको ठेक्का व्यवस्थापन ।
- नदीजन्य पदार्थको लिलाम विक्रीको ठेक्का व्यवस्थापन।
- निजी जग्गाको माटो विक्री वितरण प्रयोजनका लागि १७ वटा तथा व्यक्तिगत प्रयोजनका लागि ३ वटा अनुमती प्रदान गरिएको ।
- नदीजन्य पदार्थ व्यवस्थापनका लागि सूचना प्रकाशनल भएको ।